# स्थानीय राजपत्र

भाग-२

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ८) तीनपिप्ले, लमजुङ मितिः २०८१/०९/१२ (संख्या ४ )

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम राइनास नगरपालिका, नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## <u>“राइनास नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन निर्देशिका”, २०८१</u>

**प्रस्तावना :**

राइनास नगरपालिकाको चालु आर्थिक वर्ष ०८१/८२ मेयर उद्यमशिलता विकास कार्यक्रम संचालन स्वीकृत भएको छ। नगरपालिकाका युवा वर्गलाइ उत्पादनमा जोड्ने, ब्यवसाय शुरु गर्ने, स्थानीय उत्पादन गरी विकास गर्ने र आन्तरिक रोजगारी र स्वरोजगारीको अवस्था सृजना गर्न जरुरी रहेको अवस्थालाई मध्यनजर गरी स्वीकृत भएको मेयर उद्यमशीलता कार्यक्रमको प्रभावकारी, पारदर्शि, जवाफदेही, उत्तरदायी एवं गुण्स्तरयुक्त एवं दिगो रुपमा संचालन र कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(२) बमोजिम मेयर उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका, २०८१ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम “राइनास  नगरपालिकाको मेयर उद्यमशीलता विकास कार्यक्रम संचालन निर्देशिका, २०८१ रहेकोछ ।

(ख) यो कार्यविधि राइनास नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो कार्यविधि नगर कार्यपालिकावाट स्विकृत भएको मितिवाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले राइनास नगरपालिकालाई जनाउनेछ ।

(ख) "कार्यपालिका" भन्नाले राइनास नगरपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

(ग) "प्रमुख" भन्नाले राइनास नगरपालिकाको नगरप्रमुखलाई जनाउनेछ ।

(घ) "उपप्रमुख" भन्नाले राइनास नगरपालिकाको नगरउपप्रमुखलाई जनाउने छ ।

(ङ) "आर्थिक विकास समिति" भन्नाले राइनास नगरपालिकाको आर्थिक विकास समितिलई जनाउनेछ

(च) "सम्वन्धित शाखा" भन्नाले राइनास नगरपालिकाको सम्वन्धित कार्यक्रम हेर्ने उद्यमशीलता विकास शाखालाई जनाउनेछ ।

(छ) "व्यवसायिक" भन्नाले आफू वा परिवारको उपभोग भन्दा बढी आम्दानी गर्ने उद्देश्यले लगानी गरी सञ्चालन भएको उद्यम व्यवसायलाई सम्झनुपर्दछ ।

(ज) **"मुल्यांकन समिति"** भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन भएको समितिलाई जनाउनेछ ।

झ) "निर्देशक समिति" भन्नाले यसै कार्यविधिको दफा ११ बमोजिम गठन भएको निर्देशक समितिलाई जनाउनेछ ।

(ञ)बैंक तथा वित्तीय संस्था भन्नाले नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकिङ कारोवार गर्ने र वित्तीय कारोवार गर्ने संस्था सम्झनु पर्छ ।

(ट) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम कृषि वा पशुपालन व्यवसाय वा स्थानीय उत्पादन र वजारीकण गर्ने उद्देश्यले गठन भएको सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ठ) "समुह" भन्नाले नियम अनुसार राइनास नगरपालिकामा दर्ता भई संचालनमा रहेको कृषक समुहलाई जनाउनेछ ।

ड) "कार्यालय" भन्नाले राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई जनाउँनेछ ।

**३. कार्यक्रमको उद्देश्य :** यस निर्देशिकाको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) नगरपालिकावाट संचालन हुने मेयर उद्यमशीलता कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त वनाउने ।,

(ख) नयाँ उद्यम व्यवसाय वा कृषि/पशुपालन फार्म स्थापना गर्न चाहने वा फार्म विस्तार गर्न चाहने उद्यमी व्यवसायी र कृषकहरुलाई ऋण प्राप्तिको लागि बैंक, वित्तिय संस्था वा सहकारीहरुसंग समन्वय र सहजिकरणका माध्यमबाट सुलभ र न्यून ब्याजदरको ऋण लगानी गराउनु र सो ऋणमा कार्यक्रम निर्देशक समितिले तोकेको प्रतिशत सम्मको ब्याज अनुदान उपलब्ध गराई पुंजीको लागत कम गराउनु।

(ग) मेयर उद्यमशिलता कार्यक्रममा व्याज अनुदान वितरण प्रकृयालाई सरल र बैज्ञानिक बनाई निष्पक्ष र पारदर्शि बनाउने,

(घ) सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र प्रणाली युक्त बनाउने

(ङ) लाभग्राहिहरुको छनौट प्रकृयालई स्पष्ट र पारदर्शि बनाउने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया
## प्रस्ताव आवह्रान र छनौट

**४. कार्यक्रम स्विकृति र वजेट सिमा :** राइनासनगरपालिकाको नगर सभाले पारित गरेको बार्षिक वजेटले तोकेको सिमामा रही शाखाले बार्षिक कार्ययोजना तयार गर्नेछ । यस्तो कार्ययोजना आर्थिक विकास समितिवाट स्विकृत भै प्रमुख प्रशाशकिय अधिकृत बाट प्रमाणित भएपछि कार्यक्रम कार्यान्वयन मा आउनेछ ।

**५. सूचना प्रकाशन गर्ने :** सम्बन्धित शाखाले उद्यम, व्यवासाय, कृषि तथा पशुपंक्षी फार्म स्थापना वा संचालन गरी मेयर उद्यमशिलता विकास कार्यक्रमहरुमा सहभागी हुन अनुसूचि १ बमोजिमको १५ दिने सार्वजनिक सूचना नगरस्थित सरकारी निकायहरुमा टाँस गरी प्रस्ताव आह्वान गर्नेछ ।

६. सूचनामा उल्लेख भए अनुसार कार्यक्रम संचालनका लागि उपयुक्त र ईच्छुक प्रस्तावकहरुले अनुसुची २ बमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको स्वघोषणा, अनुसुची ४ बमोजिमको वडा कार्यालयको सिफारिस र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र शाखामा आवेदन दर्ता गर्नु पर्नेछ ।

७. दफा ५ बमोजिमको सूचनाका आधारमा निर्धारित समयभित्र प्रर्याप्त प्रस्तावना दर्ता हुन नआएमा सम्वन्धित शाखाले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

८. म्याद गुज्री वा रीत नपुगी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाहि हुने छैन ।

९. **कार्यक्रम निर्देशक समिति :** क) मेयर उद्यमशिलता विकास कार्यक्रम, संचालन तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

नगर प्रमुख — अध्यक्ष

नगर उप प्रमुख — सदस्य

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

आर्थिक विकास समितिको संयोजक- सदस्य

महिला दलित वा अल्पसंख्यक सदस्य मध्येबाट प्रमुखले तोकेको १ जना — सदस्य

कार्यक्रम हेर्ने गरी तोकिएको प्रमुख — सदस्य सचिव

ख) निर्देशक समितिले आवश्यक ठहरिएको खण्डमा बढिमा दुई जना सम्म विज्ञ मुल्यांकन प्रकृयामा आमन्त्रण गर्न सक्नेछ ।

ग) निर्देशक समितिले कार्याक्रम छनौट अलावा संचालनको क्रममा बेलाबेलामा अनुगमन गर्न र आवस्यक निर्देशन दिन सक्नेछ ।

१०. प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट कार्यक्षेत्रगत सुनिश्चिता र सिफारिसका लागि निम्न बमोजिमको "मुल्यांकनतथा सिफरिस समिति" रहनेछ ।

संयोजक : प्रमुख प्रशासकिय अधिकृत

सदस्य : मेयर उद्यमशिलता कार्यक्रम हेर्ने गरी तोकिएको प्रमुख

सदस्य सचिवः कृषि/पशुसेवा(कार्यक्रम अनुसार सम्वन्धित) शाखा प्रमुख

११. मुल्यांकन तथा सफिारिस समितिले आवश्यक ठहरिएको खण्डमा बढिमा दुई जना सम्म विज्ञ मूल्यांकन प्रकृयामा आमन्त्रण गर्न सक्नेछ ।

१२. प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिले आधार सहित छनोट गरी निर्देशक समिति समक्ष पेश गरेको प्रस्तावहरुमा निर्देशक समितिले कार्यादिश दिने छ ।

१३. निर्देशक समितिले स्वीकृत गरे पश्चात छनौट भएका र बैकल्पिक छनोटमा परेका प्रस्तावकहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी सम्वन्धित शाखावाट सूचना प्रकाशन गरिनेछ ।

## परिच्छेद ३

## कार्यक्रमका लाभग्राही, कार्यक्रमका शर्त तथा लाभग्राही छनौटका आधारहरु

१४. मेयर उद्यमशिलता कार्यक्रममा समेटिनका लागि लाभग्राहीहरुले पूरा गर्नुपर्ने शर्तहरु तथा स्वीकृत लगानी क्षेत्रहरुः

(क) राइनास नगरपालिकामा व्यवसाय दर्ता गरेको र नियमित रुपमा नगरपालिकालाई बुझाउनुपर्ने सबै प्रकारका कर/ शुल्कहरु बुझाएको।

(ख) PAN/VAT मा दर्ता भई अद्यावधिक रहेको (कर चुक्ता पत्र)

(ग) राइनास नगर क्षेत्रभित्र व्यवसाय सञ्चालन भएको।

(घ) बैंक, वित्तीय संस्था वा सहकारीहरुबाट लिएको ऋण/ किस्ता नतिरी कालो सूचीमा नपरेको (स्वघोषणा पेश गर्नुपर्ने)

(ङ) बैंक, वित्तीय संस्था वा सहकारीहरुबाट ऋण लिई व्यवसाय सञ्चालन गरेको।

(च) नेपाली नागरिक भई राइनास नगरक्षेत्रमा वसोवास गरेको।

(छ) घर/जग्गा भाडामा लिई व्यवसाय गरेको भए सो को सम्झौता पत्र।

(ज) लाभग्राहीले ऋण लिएको बैंक वा वित्तीय संस्थामा खोलेको खाता खुल्ने विवरण (चेकको फोटोकपी)

(झ) स्वीकृत बजेट भन्दा बढी माग आवेदन भएमा निम्नानुसार प्राथमिकताको आधारमा लाभग्राही छनोट गरिनेछ।

१. साना ऋणीहरु

२. महिला, अपाङ्गता भएका र दलित उद्यमीबाट सञ्चालित उद्योगहरु

३. राइनास स्थायी ठेगाना भएका नागरिकहरु

१५. मेयर उद्यमशिलता कार्यक्रमबाट लाभ लिन स्वीकृत उद्यम/व्यवसायहरु

(क) **कृषि तथा पशुपंक्षी पालन व्यवसाय** :

- कृषि उत्पादनहरु (सबै)
- पशुपालन (दुध ,मासुजन्य उत्पादन हुने सबै)
- पंक्षीपालन (मासु ,अण्डा उत्पादन हुने सबै)
- माछापालन,
- माहुरीपालन, फलफुल खेती (सबै जातका)
- मसलाजन्य उत्पादन (सबै)

(ख) **सेवा व्यवसायहरु** :

- होटल, होमस्टे, रेष्टुरेन्ट
- प्राविधिक तालिम सञ्चालन व्यवसायहरु
- कोल्ड स्टोर
- फोहोरमैला वर्गीकरण ,संकलन ,प्रशोधन

(ग) **लघु घरेलु उद्योग /औद्योगिक उत्पादन व्यवसायहरु** :

- माटाका भाँडा,
- सावुन, क्रिष्टल पोते, व्याग, तयारी पोशाक उद्योगहरु
- दुनाटपरी
- प्राङ्गारिक मल ।

**१६. व्याज अनुदान प्राप्त गर्ने लगानी रकम सीमा, समय, स्रोत र भुक्तानी व्यवस्था** :

(क) कार्यविधिको व्याज अनुदान सहयोग प्राप्त गर्न स्वीकृत भएका दफा १५ अन्तर्गतको व्यसायमा लगानी भएको ऋण रकमको सीमा भित्र रु ५ लाख सम्मको ऋणमा कार्यक्रम निर्देशक समितिले तोकेको प्रतिशतले हुन आउने रकम (थप लगानी जतिसुकै भएपनि)

(ख) व्याज अनुदानको समय अवधिः- निर्देशक समितिमा निर्णय भएको दिनदेखि २०८२ असार मसान्तसम्म /कार्यक्रम लागु भएसम्मको अवधि सम्म हुने र थप गर्नुपर्ने अन्य व्यहोरा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(ग) यो कार्यविधि बैंक वा वित्तिय संस्थाबाट प्राप्त ऋण स्रोतमा लागु हुनेछ ।

(घ) सूचनामा तोकिएको प्रकृया पुरा गरी प्राप्त आवेदनहरुको जाँच गर्ने कार्य मूल्याङ्कन तथा सिफारिस समितिले गर्नेछ। सिफारिस भएका लाभग्राहीहरुले प्राप्त गर्ने अनुदान रकम ऋण लिएको बैंक वा वित्तीय संस्थाको ऋणीले खोलेको खातामा जम्मा गरिनेछ।

१७. **कार्यक्रम कार्यान्वयन सम्वन्धी अनुगमन, जिम्मेवारी तथा दायित्व**

(क) कार्यक्रम कार्यान्वयनका शिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्वन्धि जिम्मेवारी र दायित्व सम्वन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(ख) आवश्यकता अनुसार सरोकारवालाहरुवाट र छनौट, कार्यान्वयन तथा भुक्तानी प्रयोजनको लागि सम्बन्धित शाखा, कार्यक्रम निर्देशक समिति, मुल्यांकन तथा सिफारिस समिति र अन्य सम्वन्धित विज्ञ र प्राविधिक टोलिहरुवाट कार्यक्रमको अनुगमन मुल्यांकन गर्न सकिनेछ ।

(ग) कार्यक्रमबाट प्राप्त रकमको उपयोग, प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालना भए नभएको सम्वन्धमा राइनास नगरपालिकाका सम्वन्धित शाखाले नियमित अनुगमन गर्नेछन् ।

(घ) अनुदानका लागि पेश गरेका कागजातको सत्यता जिम्मेवारी पेश गर्ने फर्म/ सञ्चालककै हुनेछ।

(ङ) अनुगमन गर्दा कार्यक्रमका लागि अनुदान सहयोग दुरुपयोग भएको पाइएमा प्रचलिन कानुन बमोजिम असूल उपर गरिनेछ।

## परिच्छेद ४
## कार्यक्रमको मूल्यंकन

१८. **प्रतिवेदन पेश गर्ने :**

(क) सम्बन्धित शाखाले कार्यक्रम कार्यान्वयनको अनुसुची ७ बमोजिमको प्रगति प्रतिवेदन तयार गरी निर्देशक समितिमा उपलब्ध गराउनुपर्नेछ ।

ख) वार्षिक प्रगति प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईको आधारमा अन्य प्रभावकारी क्रियाकलाप र अभ्यासहरु भए सो समेत संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद ५

**विविध**

१९. मेयर उद्यमशीलता कार्यक्रम अन्तर्गत निर्देशक समिति, मूल्याङ्कन तथा सिफारिस समितिका बैठक, फिल्ड अनुगमन आदिमा खटिए वापत नगरपालिकाले तोकेको दररेटमा बैठक भत्ता, दैनिक भत्ता र खाजा लगायतका खर्च सम्बन्धित शीर्षकबाट भुक्तानी हुनेछ।

२०. यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा वा द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले सोको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउनेछ ।

**अनुसूची-१**
**राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय**
**मेयर उद्यमशलिता विकास कार्यक्रम अन्तर्गत व्याज अनुदान प्राप्त गर्न**
**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति...................................

राइनास नगरपालिका मेयर उद्यमशलिता विकास कार्यक्रम अन्तर्गत आ.व २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमका लागि कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८१ बमोजिम रु ५ लाख सम्मको ऋणमा ५ प्रतिशत व्याज अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन जानकारी गराइन्छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । थप जानकारीका लागि राइनास नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

| क.स | कार्यक्रमको नाम ठेगाना | विनियोजित बजेट रकम रु. | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः

१. अनुसूची-२ को बमोजिम रु.१० को टिकट टाँस गरेको आवेदन ।
२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. राइनास नगरपालिकामा व्यवसाय दर्ता गरेको र नियमित रुपमा नगरपालिकालाई बुझाउनुपर्ने सबै प्रकारका कर र शुल्कहरु बुझाएको।
४. राइनास नगर क्षेत्रभित्र व्यवसाय सञ्चालन भएको।
५. बैंक, वित्तीय संस्था वा सहकारीहरुबाट लिएको ऋण/ किस्ता नतिरी कालो सूचीमा नपरेको (स्वघोषणा पेश गर्नुपर्ने)
६. बैंक, वित्तीय संस्था वा सहकारीहरुबाट ऋण लिई व्यवसाय सञ्चालन गरेको।
७. नेपाली नगरिक भई राइनास नगरक्षेत्रमा वसोवास गरेको।
८. PAN/VAT मा दर्ता भई अद्यावधिक रहेको (कर चुक्ता पत्र)
९. घर/जग्गा भाडामा लिई व्यवसाय गरेको भए सो को सम्झौता पत्र।

**अनुसूची-२**
**आवेदन**

श्री राइनास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
तीनप्लि, लमजुङ ।

विषय : मेयर उद्यमशिलता कार्यक्रमको लागि प्रस्ताव पेश गरिएको बारे ।

राइनास नगरपालिकाको मिति.........................को ............................... मा प्रकाशित सूचना अनुसार म निवेदक .....................................ले ..... मेयर उद्यमशिलता कार्यक्रमबाट ब्याज अनुदान प्राप्त गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक :

दस्तखत :

मिति :

सम्पर्क नं :

प्रस्तावकको नाम थर:

स्थायि ठेगाना:

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगाना:

संलग्न कागजातहरुको सूचि:

| क.स | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

## अनुसूची- ३

## समान प्रकृतिको अनुदान नलिएको र कालोसूचीमा नपरेको स्वघोषणा

राइनास नगरपालिकाको ........................... मिति ...........................मा प्रकाशित सूचना अनुसार राइनास नगरपालिका ..... नं. वडा .............. गाँउ/टोल स्थायी ठेगाना भएको श्री .............. ..................................................ले व्यवसायमा व्याज अनुदान ....................... कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायबाट अनुदान नलिएको साथै कुनैपनि बैंक वा वित्तिय संस्थाबाट ऋण नतिरी कालोसूचीमा नपरेको स्वघोषणा गर्दछु । अन्यथा फेला परे कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निबे**दकको**

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

दस्तखत:

नाम:

पद:

संस्थाको छाप:

## अनुसूची- ४

## वडा सिफारिस पत्र

श्री..............................................

..................................................

विषय : सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा राइनास नगरपालिको मिति .....................................मा प्रकाशित सूचना अनुसार राइनास नगरपालिका .........नं. वडा ............... गाँउ/टोल स्थायी ठेगाना भएको श्री .................................................ले ब्याज लागत साझेदारीमा .............. .......................... ...................... कार्यक्रम सञ्चालनका लागि सिफारिस पाँउ भनी यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही साँचो भएको हुँदा निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः

## अनुसूची- ५
## सम्झौता-पत्र

राइनास नगरपालिकाको आ.व...............को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मेयर उद्यमशिलता विकास कार्यक्रमबाट व्याज अनुदान प्राप्त गर्नका लागि मिति.....................गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये यस राइनास नगरपालिका निर्देशक समितिको मिति....................को निर्णयबाट श्री ............................ को प्रस्ताव छनौट भएको हुँदा राइनास नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री.......................................(यस पछि दोश्रो पक्ष भनिने) का बिच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मन्जुर भै यो द्धिपक्षिय सम्झौता गरिदियौ/लियौ । इति सम्बत.......साल........महिना.......गते......रोज शुभम् ।

**<u>तपसिल</u>**

(१) प्रथम पक्षले ...................................................कार्यक्रम सञ्चालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसायमा निम्न बमोजिमका क्रियाकलापहरुका लागि व्याज अनुदान रकम बैंकमार्फत उपलब्ध गराउने छ ।

मासिक/ बार्षिक

| क.स | क्रियाकलाप विवरण | अनुमानित ऋण रकम रु. | लाग्ने व्याज रकम रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |
| अक्षरुपी | | | | | |

(१) प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको /निरीक्षण गरी सम्झौता अनुसार कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(२)व्यवसाय सञ्चालनका कममा वा सम्पन्न भए पश्चात सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनाको लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(३) दोश्रो पक्षले जुन प्रयोजनका लागि ऋण लिई व्यवसाय संचालन गर्न लगेको हो सोही काममा मात्र परिचालन गनुपर्नेछ । ऋणको नगरपालिकाले उपलब्ध गराउने व्याज रकम बाहेकको अन्य साँवा र व्याज रकम बैंक र वित्तीय

संस्थाको नियमानुसारको समयमा बुझाउनुपर्नेछ र उठाउने कार्य सम्बन्धित बैंक र वित्तीय संस्थाले गर्नेछ । तोकिएको समयमा ब्याज/किस्ता नतिर्ने व्यवसायीहरुको हकमा प्रथम पक्षले अनुदान दिने छैन ।

(४) ब्याज अनुदान निकाशा गर्नुअघि सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) प्रथम पक्षले सम्झौता अनुसारको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षीय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

नोटः द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृतिअनुसारका अन्य सान्दर्भिक बुदाँहरु थप गर्न सकिनेछ ।

| | |
|---|---|
| दोश्रो पक्षका तर्फबाट | प्रथम पक्षका तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची- ६

मेयर उद्यमशिलता विकास कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन

१. कार्यक्रमको नाम :

२. कार्यक्रम साझेदारी गर्ने व्यक्ति/संस्थाको नाम :

३. कार्यक्रम सम्झौता मिति :

४ सम्झौता बमोजिम सम्पन्न हुनु पर्ने मिति :

५. कार्य सम्पन्नको अन्तिम विवरण :

| क.सं. | व्यवसायको नाम र ठेगाना | सञ्चालकको विरण | प्रकार | सम्झौता बमोजिमको आर्थिक लागत खर्च | वास्तविक खर्च | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

प्रतिवेदन तयार गर्नेको

नाम:

पद :

हस्ताक्षर :

मिति :

कार्यालयको छाप

**आज्ञाले**

धनेश्वर पौडेल

प्रमुख प्रशासकीय अधिकृत